# स्थानीय राजपत्र

सन्धिखर्क नगरपालिका अर्घाखाँचीद्वारा प्रकाशित

खण्ड ४, संख्या ७, मिति २०७७/०५/०९

# भाग-२

# सन्धिखर्क नगरपालिकाको सूचना

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सन्धिखर्क नगरपालिकाको नगर कार्यपालिकाले बनाएको कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन कार्यविधि २०७७ सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

सन्धिखर्क नगरपालिका

मितिः २०७७/५/८ को कार्यपालिका बैठकबाट स्वीकृत

## कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन कार्यविधि २०७७

प्रस्तावनाः कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको पहिचान, रोकथाम नियन्त्रण तथा उपचार सम्बन्धी कार्यमा संलग्न जनशक्तिलाई जोखिम भत्ता उपलब्ध गराउन वाञ्छनिय भएकोले,

सन्धिखर्क नगरपालिका नगरकार्यपालिकाको मिति २०७७/५/८ गतेको बैठकले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यबस्थापन कार्यविधि २०७७ स्वीकृत गरी लागु गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः(१) यस कार्यविधिको नाम कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको उपचारमा  संलग्न जनशक्तिको जोखिम भत्ता व्यबस्थापन आदेश २०७७ रहेको छ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा,

(क) उपचारः भन्नाले कोभिड १९ को संक्रमणको पहिचान रोकथाम नियन्त्रण तथा उपचार सम्बन्धी स्वास्थ्य सेवा सम्झनुपर्छ ।

(ख) कोभिड -१९ भन्नाले SARC COV2 भाइरसले गर्ने संक्रमणबाट मानिसलाई हुने रोग सम्झनुपर्छ ।

(ग) जोखिम भत्ताः भन्नाले कोभिड-१९ को संक्रमणको उपचारमा  प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न रहने जनशक्तिलाई यस कार्यविधि बमोजिम प्रदान गरिने भत्ता सम्झनुपर्छ ।

(घ) जनशक्तिः भन्नाले कोभिड-१९ को संक्रमणको रोकथाम,नियन्त्रण तथा उपचारमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न दफा ३ बोजिमको निकायको सोहि बमोजिमको कार्यमा संलग्न देहाय बमोजिमका जनशक्ति सम्झनुपर्छ ।

(क) चिकित्सक (ख) नर्स (ग) पारामेडिक् (घ) प्रयोगशालाकर्मि (ङ)कोभिड-१९रोकथाम तथा नियन्त्रणमा काम गर्न भनि खटाइएको कर्मचारी (च) सरसफाई कर्मि र सवारी चालक (छ) सम्बन्धित कार्यालय प्रमुखले कोभिड-१९ को संक्रमणको रोकथाम,नियन्त्रण तथा उपचारमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न रहेको भनि प्रमाणित गरेको कर्मचारी ।

३. जोखिम भत्ता प्राप्त गर्नसक्नेः कोभिड-१९को संक्रमणको रोकथाम तथा नियन्त्रणमा संलग्न देहाय बमोजिमका काममा खटिएका जनशक्तिलाई देहाय बमोजिमको जोखिम भत्ता प्राप्त गर्न सक्नेछन ।

(क) नेपाल सरकारले विदेशबाट उद्धार गरी ल्याएका व्यक्तिहरुको हेरचार तथा निगरानीका लागी नेपाल सरकार तथा स्थानीय सरकारबाट खडा गरीएका क्यारेन्टाइनमा खटिएका ।

(ख) कोभिड-१९को विरामीसँग सम्पर्कमा आएकाहरुको खोजी कार्य (कन्ट्रायक्ट ट्रेसिङ) मा खटिएका स्वास्थ्यकर्मी ।

(ग) कोभिड-१९ को समयमा स्वास्थ्य सस्थामा काम गर्ने जनशक्ति ।

(घ) कोभिड-१९ को संक्रमणको शंकास्पद व्यक्तिको नमुना संकलन प्याकिङ र ढुवानीमा संलग्न जनशक्ति ।

(ङ) कोभिड-१९ को समयमा खटिएका अन्य कर्मचारीहरु ।

४. विवरण तथा कागजात संलग्न गर्नुपर्नेः जोखिम भत्ता प्राप्त गर्न देहाय बमोजिका कागजात पेस गर्नुपर्ने छ ।

(क) दफा ३ बमोजिमको कार्य गर्नका लागी खटाइएको प्रमाण ।

(ख) क्वारेन्टाइनको हकमा क्वारेन्टाइनमा जान दिएको आदेश पत्र ।

(ग) कन्ट्रयाक्ट ट्रेसिङको हकमा कन्ट्रयाक्ट ट्रेसिङको गरेको नामनामेसी सहितको विवरण ।

(घ) स्वास्थ्य सस्थाका कर्मचारीहरुको हकमा प्रमाणित रुजु हाजीरी ।

(ङ) प्रयोगशाला कर्मिको हकमा नमूना संकलन गरिएका तथा प्रगोगशाला परीक्षण गरिएका व्यक्तिको विवरण ।

५. जोखिम भत्ता व्यवस्थापनः

(१) कोभिड-१९को संक्रमणको पहिचान, रोकथाम तथा उपचारमा खटाइएका जनशक्तिलाइ खटाउने निकाय अर्थात नगरपालिकाले नै व्यवस्थापन गर्ने छ ।

६. जोखिम भत्ताः देहायको जनशक्तिलाइ देहाय बमोजिम जोखिम भत्ता उपलब्ध गराइने छ ।

(क) संक्रमणको शंकास्पद तथा पुष्टि भएका बिरामीको नमुना संकलन गर्ने, क्वारेन्टाइन तथा आइसोलेसन व्यवस्थापन कन्टयाक ट्रेसिङमा प्रत्यक्ष संलग्न जनशक्तिको हकमा ७५ प्रतिशत । (स्वास्थ्य शाखा र संकलीत स्वाव पूर्याउने चालक)

(ख) स्वास्थ्य प्राविधिक र स्वास्थ्य संस्थामा कार्यरत जनशक्ति स्वास्थ्य संस्था सुचारु गरि सुत्केरी सेवा,खोप सेवा लगाएतका सबै सेवा सञ्चालन गरेवापत ५० प्रतिशत ।

(ग) स्वास्थ्य प्राविधिक बाहेकको जनशक्ति (सरसफाईकर्मि टाक्स टिम र वडा सचिव) ३० प्रतिशत ।

(घ) नेशनल प्याथल्याबबाट एक महिनाको लागी खटिइएको जनशक्तिलाइ सोही संस्थाले प्रदान गरेको तलब स्केलको १०० प्रतिशत ।

(ङ) जिल्ला अस्पतालबाट खटिएको स्वास्थ्य प्राविधिक ल्याबको काम गर्ने जनशक्तिलाइ स्थानीय भएकोले वडा नं १,२,३, वडामा खटिदाँको दिन दैनिक रु १२००। एकहजार दुईसय र बाँकी वडाहरुमा खटिँदाको दिन दैनिक रु १५००।(एकहजार पाँचसय)का दरले।

७.जोखिम भत्ता लागु हुने अवधिः देहायका जनशक्तिलाई देहायको अवधि देखि लागु हुनेगरि जोखिम भत्ता उपलब्ध गराइने छ।

(क) स्वास्थ्य तर्फका स्वास्थ्य प्राविधिक र स्वास्थ्य सस्थामा कार्यरत कार्यालय सहयोगीलाई २०७६ चैत्र १५ गते देखि लागुहुने छ।

(ख) स्वास्थ्य प्राविधिक बाहेकको जनशक्तिलाई २०७६ चैत्र १५ गतेदेखि २०७७ जेष्ठ १५ गते सम्म।

(ग) जोखिम भत्ता नेपालमा  कोभिड-१९ नियन्त्रण भईसकेको वा जोखिम नरहेको भनि नेपाल सरकारले निर्णय नगरेसम्म कायम रहने छ।

८. कार्यपालिकाले आवश्यक व्यवस्था गर्नेः यस निर्देशिकाको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा नगरकार्यपालिकाले यस्तो बाधा अड्काउ फुकाउन आवश्यक व्यवस्था गर्नेछ।

प्रमाणीकरण मिति २०७७/०५/०९

आज्ञाले
कृष्णप्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत